# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या :७ मिति : २०७६/१०/१२

भाग-२

## पनौती नगरपालिकाको

## सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगतकट्टा कार्यविधि २०७६

१. प्रस्तावना

सार्वजनिक सडकको निर्माण, विस्तार र स्तरउन्नतिको क्रममा सडकमा नीजि जग्गा स्वस्फुर्त निशुल्क रुपमा लगतकट्टा कार्य व्यवस्थित गर्न बान्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २१४ को उपधारा (५), स्थानीय सरकार संचालन ऐन २०७४को नियम ११ एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि यस पनौती नगरपालिकाको मिति २०७६/१०/०५ को बैठकले यो सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगत कट्टा कार्यविधि ०७६ स्वीकृत गरेको छ।

१.संक्षिप्त नाम र प्रारम्भ : १) यो कार्यविधिको नाम 'सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगतकट्टा कार्यविधि २०७६' रहेको छ।

२) यो कार्यविधि पनौती नगर कार्यपालिका बैठकले स्वीकृत गरेपछि लागू हुनेछ ।

२.परिभाषा :

क) "सार्वजनिक सडक" भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गालाई सम्झनुपर्दछ ।

ख) "नीजि जग्गा" भन्नाले ब्यक्ति, संस्था, गुठी, कम्पनिको नाममा दर्ता रहेको जग्गालाई सम्झनुपर्दछ ।

ग) "लगतकट्टा" भन्नाले ब्यक्ति, संस्था, गुठी, कम्पनिको नाममा दर्ता रहेको नीजि जग्गा नेपाल सरकारको नाममा लैजानुलाई बुझाउँछ ।

घ) "निवेदन" भन्नाले लगतकट्टाको लागि दिने निवेदनलाई बुझाउँछ ।

ङ) "सार्वजनिक आव्हान" भन्नाले नगरपालिकाले सम्बन्धित वडा कार्यालय मार्फत नीजि जग्गाको लगतकट्टाको लागि गरिएको आव्हानलाई सम्झनुपर्दछ ।

च) "प्राविधिक कर्मचारी" भन्नाले जग्गा नापजाँचको निम्ति नगरपालिकाले नियुक्त गरेको कर्मचारी (सर्वेक्षक, अमिन) लाई सम्झनुपर्दछ ।

छ) जग्गा दान भन्नाले आफ्नो हकभोगमा रहेको नीजि जग्गा सार्वजनिक सडकको लागि दान गर्नुलाई बुझाउँछ ।

ज) "लगतकट्टा समिति" भन्नाले मालपोत नियमावली २०३६(५) (ग) अनुसार गठन भएको समितिलाई बुझिने छ ।

झ) "नगरपालिका" भन्नाले पनौती नगरपालिकालाई सम्झनुपर्दछ ।

ञ) "वडाध्यक्ष" भन्नाले नगरपालिकाको निर्वाचित वडाध्यक्षलाई सम्झनुपर्छ ।

३. नगरस्तरिय लगतकट्टा समिति गठन : पनौती नगरपालिकाले नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक सडकमा परेको जग्गाको लगतकट्टाको लागि देहाय बमोजिमको लगतकट्टा समिति गठन गर्नेछ ।

क) उपप्रमुख : संयोजक

ख) नगरपालिकाले तोकेको वडाध्यक्ष मध्येवाट एक जना : सदस्य

ग) अधिकृत जिल्ला मालपोत कार्यालय प्रतिनिधि : सदस्य

घ) नापी कार्यालय प्रतिनिधि : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

४ .समितिको काम, कर्तव्य र अधिकार:

१) सार्वजनिक सडकमा परेको जग्गाको लगतकट्टाको लागि वडा कार्यालयसँग समन्वय गरि १५ दिनको समय राखी सार्वजनिक सूचना आव्हान गर्ने ।

२) सार्वजनिक सूचना नगरपालिकाको बेभसाइड, स्थानीय रेडियो, पत्रपत्रिका, वडा कार्यालय, सम्बन्धित क्षेत्रको घर-घरमा टाँसिने ।

३) स्वैच्छिक रुपमा जग्गादान गर्नेहरुले एकल वा संयुक्त रुपमा तोकिए बमोजिमको ढाँचामा निवेदन दर्ता गराउनुपर्ने ।

४) समितिमा प्राप्त निवेदनमा विवाद रहे-नरहेको, बैंकमा धितो रहे-नरहेको, गुठीको जग्गा रहे-नरहेको बारेमा एकिन गर्नेछ ।

५) तोकिए बमोजिम कागजपत्र पूरा भएपछि समितिले नगरपालिकाको सिफारिस सहित मालपोत कार्यालयमा बुझाउँनेछ ।

६) लगत कट्टा भएपछि सो को तथ्याङ्क राख्ने र सम्बन्धित सरोकारवालालाई जानकारी गराउने ।

७) सार्वजनिक सडकमा परेको जग्गा दान गर्नेलाई नगरपालिकाले सम्मान-पत्र प्रदान गर्ने ।

५. निवेदन दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :

नीजि जग्गाको लगतकट्टा गर्दा देहाय अनुसारको कागजपत्र संलग्न गर्नुपर्नेछ ।

क) सम्बन्धित जग्गा धनी प्रमाण पुर्जा ....................१

ख) दानपत्र (अनुसूची १ बमोजिम) ..........................१

ग) नागरिकताको फोटोकपी .................................१

घ) कर तिरेको रसिद ........................................१

ङ) जग्गाको नापी नक्सा .....................................१

६. सार्वजनिक सडकको नापजाँच गर्दा नगरपालिकाले कृषि सडक, कच्ची सडक, पक्की सडकको सम्बन्धमा तोकिएको मापदण्डको आधारमा गरिनेछ ।

७. कर्मचारी व्यवस्थापन : पनौती नगरपालिकाले सार्वजनिक सडकमा परेको जग्गाको नापजाँचको लागि आवश्यकता अनुसार काभ्रेपलाञ्चोक जिल्लामा रहेको नापी कार्यालयबाट सहयोग लिइ वा नगरपालिकाले आवश्यकता अनुसार आफैं प्राविधिक वा अन्य कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

८. सरोकारवालाहरुको सहयोग : पनौती नगरपालिकाले सार्वजनिक सडकको लगतकट्टा प्रकृयालाई प्रभावकारी बनाउन समन्वय र सहजिकरणको लागि अन्य बिज्ञ तथा सरोकारवाला संघ संस्थासँग साझेदारी गर्न सक्नेछ ।

९. राजस्व छुट सम्बन्धमा :

बागमती प्रदेशको आर्थिक ऐनको दफा २ सँग सम्बन्धित अनुसूची २ को (ग) विविध शिर्षक अन्तर्गत क्रम नं. २१ मा कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनि निकायलाई निशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरि लिएमा सो मा रजिष्ट्रेशन शुल्क वा घर जग्गा तथा अन्य रजिष्टेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन भन्ने उल्लेख भएकोले सार्वजनिक सडकमा परेको जग्गा हाल-साविक गर्दा जग्गाधनीबाट कुनै पनि शुल्क लिइने छैन ।

१०. गुनासो व्यवस्थापन समितिको गठन : सार्वजनिक सडकमा परेको जग्गाको लगत कट्टा सम्बन्धि गुनासो सुनुवाई गर्न निम्न तीन सदस्य रहेको गुनासो व्यवस्थापन समिति गठन गरिनेछ।

नगर प्रमुख : संयोजक

नगरपालिकाले तोकेको प्रतिनिधि : सदस्य...........१

सम्बन्धित वडाको वडाध्यक्ष : सदस्य ...........१

११. गुनासो व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

क) सार्वजनिक सडकमा परेको जग्गाको सम्बन्धमा आएको लिखित गुनासोको अभिलेख राख्ने।

ख) आएका गुनासो उपर छलफल गरी विकल्प सहित मूल समितिलाई सुझाव दिने।

१२. विविध : क) आवश्यकता अनुसार मालपोत कार्यालय र नापी कार्यालयले स्थलगत निरीक्षण गर्न सक्नेछ।

१३. कार्यविधिमा परिमार्जन तथा संशोधन :

१) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै समस्या देखिएमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सकिनेछ।

२) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ

अनूसूची १

**जग्गाधनीले समिति समक्ष दिने निवेदनको ढाँचा**

श्री अध्यक्ष ज्यू,
सार्वजनिक सडकमा परेको जग्गाको लगत कट्टा समिति
पनौती नगरपालिका, काभ्रेपलाञ्चोक

विषय : लगत कट्टा गरिदिनुहुन ।

महोदय,

मेरो नाममा रहेको कि.नं. .... क्षे.फ. ...... को तपसिल बमोजिमको विवरण रहेको जग्गा बाटामा परेको र उक्त जग्गाको पनि तिरो तिरी रहनुपरेकोले म श्री ...................................... सम्पूर्ण मेरा घरपरिवारको सरसल्लाह बाट सहमत भई सडकमा परेको जग्गाको लगत कट्टा गरिदिनुहुन अनुरोध गर्दछु ।

जग्गाको विवरण :

| क्र.सं. | जग्गा धनीको नाम थर | कि.नं. | क्षेत्रफल | वडा नं | कुन सडकमा परेको हो |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदक

आज्ञाले

**प्रमाणीकरण मिति : २०७६/१०/०९**

**हरी प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका*
*मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*